# स्थानीय राजपत्र

## लिम्चुङबुङ गाउँपालिका

खण्ड (४) संख्या (२) बाराहा, उदयपुर, १ नं. प्रदेश, नेपाल
असार, ६, २०७७ साल

## भाग-२

## लिम्चुङबुङ गाउँपालिकाको युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७७

लिम्चुङबुङ गाउँ कार्यपालिकाको वैठकबाट स्वीकृत भएको कार्यविधि, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम लिम्चुङबुङ गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि, २०७४ अनुसार सर्वसाधारणको जानकारीका लागी प्रकाशन गरिएको छ ।

## संवत् २०७७ सालको कार्यविधि नं. ०२

# लिम्चुङबुङ गाउँपालिकाको युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७७

**प्रस्तावना**

गाउँपालिका क्षेत्रभित्रका वडास्तर देखीनै जनप्रतिनिधी युवा नेतृत्वमा सरोकारवाला युवाहरुले प्रतिनिधित्व युवा तथा खेलकुद विकास समिति मार्फत सुनिश्चित गर्दै गाउँपालिकाको युवा तथा खेलकुद सम्बन्धि गाउँपालिका स्तरीय नीति निर्माणदेखी कार्यान्वयन तहसम्म आवश्यकता अनसार उनीहरुलाई संलग्न गराई समग्र लिम्चुङबुङ गाउँपालिकाको सर्वाङ्गीण विकासको मुलप्रवाहमा युवालाई समावेश गर्ने सम्बन्धमा आवश्यक बयवस्था गर्न बाञ्छनीय भएकाले लिम्चुङबुङ गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी लिम्चुङबुङ गाउँपालिकाले यो कार्यविधि तर्जूमा गरी लागु गरेको छ ।

## परिच्छेद-१

### प्रारम्भिक-१ :-

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "लिम्चुङबुङ स्तरीय युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि,द २०७७" रहेको छ ।

(२) यो कार्यविधि लिम्चुङबुङ राजपत्रमा प्रकाशन भएपछि लिम्चुङबुङ गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

२. **परिभाष** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

क) "अध्यक्ष" भन्नाले यस कार्यविधिको नियम ६ बमोजिम गठन हुने परिषद्को अध्यक्षलाई सम्झनुपर्छ ।

ख) "कार्यपालिका" भन्नाले लिम्चुङबुङ गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

ग) "कार्यालय" भन्नाले लिम्चुङबुङ गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

घ) "कार्यविधि" भन्नाले युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७७ लाई सम्झनुपर्छ ।

ङ) "गाउँपालिका" भन्नाले लिम्चुङबुङ गाउँपालिकालाई सम्झनुपर्छ ।

च) "वडा" भन्नाले लिम्चुङबुङ गाउँपालिका मातहतको कुनै पनि वडालाई सम्झनुपर्छ ।

छ) "वडा समिति" भन्नाले सम्बन्धित वडाको वडा समितिलाई सम्झनुपर्छ ।

ज) वडाध्यक्ष" भन्नाले लिम्चुङबुङ गाउँपालिका मातहतको सम्बन्धित वडाका अडाध्यक्षलाई सम्झनुपर्छ ।

झ) "वडा सचिव" भन्नाले सम्बन्धित वडाको वडा सचिवलाई सम्झनुपर्छ ।

ञ) "समिति" भन्नाले कार्यैविधिको नियम ३र ६ बमोजिम प्रत्येक गठन हुने युवा तथा खेलकुद विकास समितिलाई सम्झनुपर्छ ।

ट) "सदस्य" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने समितिका सदस्यलाई आवश्यकता अनुसार सम्झनुपर्छ ।

ठ) "संयोजक" भन्नाले यस कार्यविधिको नियम ३र ६ बमोजिम गठन हुने युवा तथा खेलकुद विकास समितिका संयाजकलाई सम्झनुपर्छ ।

ड) "युवा" भन्नाले सोह्र वर्षदेखी चालीस वर्षसम्मको उमेर भएको ब्यक्तिहरुलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

**३. समिताको गठन** : (१) गाउँपालिमा युवा तथा खेलकुद सम्बन्धी योजना तथा कार्यक्रम सञ्चालन गर्ने काम समेतको लागी एक युवा तथा खेलकुद विकास समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :

क) वडा संयोजकहरु मध्येबाट वा युवा तथा खेलकुद समबन्धी विशेष ज्ञान भएका ब्यक्तिहरु मध्येबाट गाउँपालिकाले तोकेको एक जना, - संयोजक

ख) खेलकुदको विभिन्न विधामा स्थापीत संघसंस्था तथा ब्यक्तित्वहरु मध्येबाट २ जना महिला सहित गाउँपालिकाले तोकेको पाँचजना - सदस्य

ग) युवाको हक, हितको संरक्षण र सम्वर्द्धन गर्न गाउँपालिका अध्यक्षले तोकेको १ जना महिला सहित दुई जना,

- सदस्य

घ) गाउँपालिकाको शिक्षा तथा युवा खेलकुद शाखा प्रमुख

- सदस्य सचिव

(३) उपनियम (२) को खण्ड (ख) र (ग) बमोजिमका सदस्यहरुको मनोनयन समावेशी सिद्धान्तको आधारमा गरिनेछ।

(४) मनोनित सदस्यहरुको पदावधी दुई वर्षको हुनेछ।

(५) उपनियम (४) जनुसुकै कुरा लेखिएको भएता पनि कुनै मनोनित सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको वा जिम्मेवारी पुरा नगरेको भनी समितिको बहुमत सदस्यले ठहर गरेमा त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ। तर, पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छेन।

४. **समितको वैठक र निर्णय** : (१) समितिको वैठक कम्तीमा दुई महिनामा एक पटक गाउँपालिकामा बस्नेछ।

(२) संयोजकले तोकेको मिति र समयमा समितिको वैठक बस्नेछ।

(३) समितिको वैठक हुनभन्दा कम्तीमा एक दिन अगावै वैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य सचिवले सवै सदस्यहरुलाई दिनेछ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुको उपस्थिति भएमा समितिको वैठकको लागी गणपुरक संख्या पुगेको मानिनेछ।

(५) समितिको वैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा वैठकको अध्यक्षता गर्ने ब्यक्तिले निर्णयक मत दिनेछ।

(६) समितिको वैठकको निर्णय वैठकको अध्यक्षता गर्ने ब्यक्तिले प्रमाणित गरी राख्नेछ।

(७) समतिको वैठकमा संरक्षकलाई अनिवार्य रुपमा आमन्त्रण गर्नु पर्नेछ र आवश्यकता अनुसार अन्य विज्ञहरुलाई पनि आमन्त्रण गर्न सकिनेछ।

**५. समितिको काम, कर्तब्य र अधिकार** : यस कार्यविधिको अन्यत्र नियममा उल्लिखित काम, कर्तब्य र अधिकारको अतित्ति समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) युवा तथा खेलकुद लक्षित गाउँपालिका स्तरीय कार्यक्रमहरुको तर्जुमा गरी गाउँपालिकामा पेश गर्ने ।

ख) गाउापालिकामा क्रियाशिल युवा तथा खेलकुदसँग सम्बन्धित संघ संस्थाहरुवीच आवश्यक समन्वय एवम् सहजीकरण गर्दै त्यस्ता संघसंस्थाहरुको कामकारवाहीमा रेखदेख तथा नियमन समेत गर्ने ।

ग) खेलकुदका विभिन्न विधामा गाउँपालिकास्तरीय टिमको छनौट गर्ने ।

घ) गाउँपालिका भित्रका युवाहरुलाई उद्यमशिल बनाउनको लागी आवश्यक क्षेत्र महिचान गरी गाउँपालिकामा सिफारिस गर्ने ।

ङ) युवालाई विकासको मुल प्रवाहमा परिचालन गर्न अभियानमुलक कार्य सञ्चालन गर्ने, गराउने ।

च) युवालाई विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा स्वयंसेवकको रुपमा परिचालन गर्ने, गराउने ।

छ) युवा सम्बन्धि संघ संस्थाको क्षमता अभिवृद्धि गराउने ।

माथि जे सुकै कुरा लेखिएतापनि गाउँपालिका स्तरीय युवा तथा खेलकुद विकास समितिको संरक्षकमा गाउँपालिकाको अध्यक्ष रहनु हुनेछ ।

## वडा स्तरीय युवा तथा खेलकुद विकास समिति सम्बन्धि ब्यवस्था

**६. समितिको गठन** : (१) वडा स्तरीय युवा तथा खेलकुद सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने कामको लागी एक युवा तथा खेलकुद विकास समिति रहनेछ ।

(२) समितिको गन देहाय बमोजिम हुनेछ :

क) वडा सदस्यहरु मध्येबाट वा युवा तथा खेलकुद सम्बन्धि विशेष ज्ञान भएका ब्यक्तिहरु मध्येबाट वडा समितिले तोकेको एक जना
- संयोजक

ख) खेलकुदको विभिन्न विधामा स्थापीत संघसंस्था तथा ब्यक्तित्वहरु मध्येबाट वडा कार्यालयले तोकेको १ जना महिला समित तीन जना
- सदस्य

ग) युवाको हक, हितको संरक्षण र सम्वर्द्धन गर्न वडा अध्यक्षले तोकेको १ जना महिला सहित दुई जना - सदस्य

घ) वडाको सचिव - सदस्य

(३) उपनियम (२) को खण्ड (ख) र (ग) बमोजिमका सदस्यहरुको मनोनयन समावेशी सिद्धान्तको आधारमा गरिनेछ ।

(४) मनोनित सदस्यहरुको पदावधी दुई वर्षको हुनेछ ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै मनोनित सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पुरा नगरेको भनी समितिको बहुमत सदस्यले ठहर गरेमा त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ । तर पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वाञ्चित गरिने छैन ।

**७. समितिको वैठक र निर्णय** : (१) समितिको वैठक कम्तीमा दुई महिनामा एक पटक वडा कार्यलयमा बस्नेछ ।

(२) संयोजकले तोकेको मिति र समयमा समितिको वैठक बस्नेछ ।

(३) समितिको वैठक हुनभन्दा कम्तीमा एक दिन अगावै वैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य सचिवले सवै सदस्यहरुलाई दिनेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुको उपस्थिति भएमा समितिको वैठकको लागी गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको वैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा वैठकको अध्यक्षता गर्ने ब्यक्तिले निर्णयक मत दिनेछ ।

(६) समितिको वैठकको निर्णय वैठकको अध्यक्षता गर्ने ब्यक्तिले प्रमाणित गरी राख्नेछ ।

(७) समतिको वैठकमा संरक्षकलाई अनिवार्य रुपमा आमन्त्रण गर्नु पर्नेछ र आवश्यकता अनुसार अन्य विज्ञहरुलाई पनि आमन्त्रण गर्न सकिनेछ ।

**८. समितिको काम कर्तब्य र अधिकार** : यस कार्यविधिको अन्यत्र नियममा उल्लिखित काम, कर्तब्य र अधिकारको अतिक्ति समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) युवा तथा खेलकुद लक्षित वडास्तरीय कार्यक्रमहरुको तर्जुमा गरी वडा समितिमा पेश गर्ने ।

ख) वडा भित्र क्रियाशिल युवा तथा खेलकुदसँग सम्बन्धित संघ संस्थाहरुवीच आवश्यक समन्वय एवम् सहजीकरण गर्दै त्यस्ता संघसंस्थाहरुको कामकारवाहीमा रेखदेख तथा नियमन समेत गर्ने ।

ग) खेलकुदका विभिन्न विधामा वडास्तरीय टिमको छनौट गर्ने ।

घ) वडाभित्रका युवाहरुलाई उद्यमशिल बनाउनको लागी आवश्यक क्षेत्र महिचान गरी वडा समितिमा सिफारिस गर्ने ।

ङ) युवालाई विकासको मुल प्रवाहमा परिचालन गर्न अभियानमुलक कार्य सञ्चालन गर्ने, गराउने ।

च) युवालाई विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा स्वयंसेवकको रुपमा परिचालन गर्ने, गराउने ।

छ) युवा सम्बन्धि संघ संस्थाको क्षमता अभिवृद्धि गराउने ।

ज) कार्यपालिका तथा वडा समितिले तोकेको अन्य कार्य गर्ने, गराउने ।

माथि जे सुकै कुरा लेखिएतापनि वडास्तरीय युवा तथा खेलकुद विकास समितिको संरक्षकमा वडाको अध्यक्ष रहनु हुनेछ ।

## परिच्छेद-३

**विविध :-**

**९. भाग लिन नहुने** : गाउँपालिका तथा वडाका युवा तथा खेलकुद विकास समितिका कुनै सदस्य वा पदाधिकारीले आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुँदैन ।

**१०. उपसमिति वा कार्यदल गठन गर्न सक्ने** : समितिले यस कार्यविधि बमोजिम आफुले गर्नु पर्ने कुनै कार्य सम्पादन गर्नको निमित्त आवश्यकता अनुसार बढीमा पाँच सदस्यीय उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

**११. पारिक्षमिक, सुविधा तथा वैठक भत्ता :** (१) समितिका पदाधीकारी तथा सदस्यले कार्यपालिकाले तोके बमोजिमको दरमा वैठक भत्ता पाउनेछन् ।

**१२. वार्षिक प्रतिवेदन** : (१) समितिले आफुले वर्षभरीमा सम्पादन गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्षसमाप्त भएको

एक महिनाभित्र सम्बन्धित गाउँपालिका अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

**१४. सहयोग गर्नु पर्ने** : यस कार्यविधि बमोजिम गठित समितिको काम कारवाहीको सम्बन्धिमा आवश्यक सहयोग गर्नृ सम्बन्धित सवैको कर्तब्य हुनेछ ।

१५. यस कार्यविधिमा उल्लिखित उद्देश्य बमोजिम काम गर्न नसक्ने समितिलाई कार्यपालिकाले विघटन गर्न सक्नेछ ।

**१६. कार्यपालिकासंग सम्पर्क :** समितिले कार्यपालिकासंग सम्पर्क राख्नु पर्दा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत मार्फत राख्नु पर्नेछ ।

**१७. मापदण्ड बनाउने अधिकार** : यस कार्यविधिको कार्यन्वयन गर्नको लागी कार्यपालिकाले आवश्यक मापदण्ड/निर्देशिकाको तर्जुमा गर्न सक्नेछ ।

**१८. बाधा अड्काउ पुकाउने** : यस कार्यविधिमा उल्लिखित प्रावधान कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ आईपरेमा कार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

कार्यपालिकाबाट पास भएको मितिः २०७७/०३/०६

**आज्ञाले**
**टार्जन कुमार लिम्बु**
**(प्रम्ख प्रशासकीय अधिकृत)**

**प्रकाशित मितिः** २०७७/४/३२